# वैकल्पिक इन्धनको जोहो

लेखक प्रकाश पौडयाल

हीरा विश्वकर्माको वैकल्पिक इन्धनको जोहो लेख राम्रो लाग्यो तर वहांले भनेझैं तेलको मूल्य लिटरको एक डलर १७ सेन्ट अर्थात ८२ रुपियाँ भने गलत छ । वहांले उल्लेख गर्नूभएको १४० अमेरिकी डलर कच्चा तेलको भाउ हो । शेयर बजारमा तेलको खरिद बिर्की कच्चा तेलको आधारमा गरीन्छ जस्मा त्यसलाई प्रशोधन गर्न लनग्ने खर्च जोडीदैन । हामीले प्रयोग गर्ने तेलको भाउ त्यो भन्दा धेरै महगो हुने गर्दछ । बड्दो तेलको भाउ र आपसी प्रतीस्पर्धा ले गर्दा हरेक अमेरिकी तेल बिकेताहरु घाटामा तेल बेच्ने गर्दछन् जस्लाई समायोजन गर्न प्रत्येक पम्पमा पसल राखीएको हन्छ । यस्ता पसलमा अती चलन चल्तीमा आउने घरायसी सामान, गाडीका लागी आवश्यक पार्ट पुर्जा आदि बेच्ने गरीन्छ जसबाट आएको नाफाले तेलमा भएको घाटा निकालीन्छ । नेपालमा पनि त्यसो गर्न सकेमा उपभोक्तालाई केहि राहत दिन सकीन्छ । तर देशको कूल पन्ध्र प्रतिशत जनसंख्या ले प्रयोग गर्ने पेट्रोल, डिजल र ग्यासलाई सरकारी सहुलीयत दिंदा बाकी ८५ प्रतिशत न्यून आय भएकालाई अन्याय हुन जादैन र? बरु त्यो सहुलीयत विधालय, स्वास्थ्य चौकी र विकाश कार्यमा लगाउंदा दुबै तेल उपभोग गर्नै र नगर्नै शत प्रतिशत जनसंख्यालाई आर्थीकलाभ हुन्छ । यस्ले एकातीर देश विकाश हून्छ भने अर्को तर्फ यसमा हुने लगानीले नंया रोजगार सिर्जना गदर्छ । विश्वमा थोरै देशले मात्र तेलमा नाफा लीएर बेच्ने गर्दछन् । जसअनुसार, कुवेतले सबैभन्दा वडी ४८८ प्रतिशत नाफा गर्दछ भने, यूएई ३०० प्रतिशत, साउदी अरेयिबा २३३ प्रतिशत, कटार २३३ प्रतिशत, क्यानडा (जहां जमिन बाहिर सतहमा भएको बालुवा निचोरेर तेल निकालीन्छ) २०३ प्रतिशत, बहराइन १५० प्रतिशत र ओमान १५० प्रतिशत नाफा लिने गर्दछन् ।